यस सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाकाको वैठक नं ७ मिति २०७४।०९।२३ गते अध्यक्ष श्री रुद्र प्रसाद अधिकारीको अध्यक्षतामा  जिल्ला समन्य समिति ओखलढुंगाका प्रमुख श्री जय बहादुर श्रेष्ठको विशेष उपस्थितिमा बैठक बसी तपशिल बमोजिमका प्रस्ताव उपर छलफल गरी तपशिल बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | रुद्र प्रसाद अधिकारी | सुनकोशी ८ | अध्यक्ष | |
| २ | दुर्गा कुमारी तामाङ | सुनकोशी २ | उपाध्यक्ष | |
| ३ | दिपहरी राई | सुनकोशी १ | वडाध्यक्ष | |
| ४ | खिलानाथ तामाङ | सुनकोशी २ | वडाध्यक्ष | |
| ५ | विष्णु कुमार खड्का | सुनकोशी ३ | वडाध्यक्ष | |
| ६ | कुमार बहादुर राई | सुनकोशी ४ | वडाध्यक्ष | |
| ७ | गोविन्दराम तामाङ | सुनकोशी ५ | वडाध्यक्ष | |
| ८ | विष्णू बहादुर आले मगर | सुनकोशी ६ | वडाध्यक्ष | |
| ९ | श्याम बहादुर कटवाल | सुनकोशी ७ | वडाध्यक्ष | |
| १० | गुणराज भट्टराई | सुनकोशी ८ | वडाध्यक्ष | |
| ११ | झनक कुमार कार्कि | सुनकोशी ९ | वडाध्यक्ष | |
| १२ | तुलाराम पराजुली | सुनकोशी १० | वडाध्यक्ष | |
| १ | रेवती रमण सुनुवार | सुनकोशी ९ | अल्पसंयक सदस्य | |
| १४ | लक्ष्मुमण कामी | सुनकोशी १ | दलित सदस्य | |
| १५ | सपना खत्री | सुनकोशी ७ | महिला सदस्य | |
| १६ | चन्द्रकला श्रेष्ठ | सुनकोशी १० | महिला सदस्य | |
| १७ | सितामाया थापा | सुनकोशी ३ | महिला सदस्य | |
| १८ | सुशिला श्रेष्ठ | सुनकोशी ८ | महिला सदस्य | |
| | जय बहादुर श्रेष्ठ | सुनकोशी | प्रमुख जिल्ला समन्वय समिति , ओखलढुंगा | |
| | मदन कुमार बजगाँई | प्रमुख प्रशासकिय अधिकृत/ सदस्य सचिव | | |

प्रस्तावहरु

३४.  करार सेवामा नियुक्त हुने कर्मचारी छनोट समिति सम्बन्धमा ।

३५. स्वास्थ्य एकाइ संचालन सम्बन्धमा

३६. करारमा नियुक्त हुने स्वास्थ्यकर्मीको संख्या सम्न्धमा

३७. करारमा नियुक्त हुने स्वास्थ्यकर्मीको पारिश्रमिक तलब सम्बन्धमा ।

३८. रकमान्तर सम्बन्धमा ।

३९. राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तार सम्बन्धमा ।

४०. सुरक्षा चौकी सम्बन्धमा ।

४१. ध्यानाकर्षण सम्बन्धमा ।

४२. प्राविधिक कर्मचारी करार सेवामा लिने सम्बन्धमा ।

४३. आर्थिक सहयोग सम्बन्धमा ।

४४. सामाजिक परिचालक सम्बन्धमा ।

४५. गाउँपालिकास्तरीय परीक्षा समिति गठन सम्बन्धमा ।

निर्णयहरु

३३. प्रस्ताव नं ३४ उपर छलफल गर्दा यस गाउँपालिकाले यस गाउँपालिकामा आवश्यक कर्मचारीहरु करार सेवामा लिनुपर्ने भएमा सो सम्बन्धी कार्य गर्नको लागि निम्न बमोजिमको कर्मचारी छनोट समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः  प्रमुख प्रशासकिय अधिकृत

सदस्यः सम्बन्धीत विषयको (आमन्त्रीत) विशेषज्ञ

सदस्य सचिवः सम्बन्धित शाखाको प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी

३४. प्रस्ताव नं ३५ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका १० वटा वडा मध्ये स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाइ नभएका वडा नं ४¸८ र १० मा थप ३ वटा स्वास्थ्य एकाइहरु संचालन गर्ने तथा सो को लागि आवश्यक साधन स्रोत तथा जनशक्ति उपलब्ध गराउन सम्बन्धित निकायसँग माग गर्ने निर्णय गरियो।

३५. प्रस्ताव नं ३६ यस कार्यालयबाट मिति २०७४|०९|२३ मा विज्ञापन भई माग भएका स्वास्थ्य कर्मीहरुको छनोट गर्दा निम्न संख्यामा छनोट गर्ने निर्णय गरियो ।

अ हे व – २(दुई)  जना

अ न मी-  ११(एघार) जना

कार्यालय सहयोगी- १३ (तेह्र)जना

३६.  प्रस्ताव नं ३७ उपर छलफल गर्दा यस गाउँपालिकाको कार्यालयबाट २०७४|०९|२३ मा विज्ञापन भई माग भएका स्वास्थ्यकर्मीहरुको करार गरी नियुक्ती पाएको मितिदेखि देखि २०७५ असार मसान्तमा लागु हुने गरी निम्नानुसार तलब स्केल कायम गरिएको छ ।

अ हे व – मासिक रु १०(दश) हजार

अ न मी- मासिक रु १० (दश) हजार

कार्यालय सहयोगी- मासिक रु ९(नौ) हजार

३७.  प्रस्ताव नं ३८ उपर छलफल गर्दा यस गाउँपालिकालाई नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान अन्तर्गत ब उ सि न २६६१२ तथा खर्च शिर्षक नं ११०१०१ अन्तर्गत स्वास्थ्य संस्थामा खर्च हुनेगरी व्यक्ति करार¸ कार्यालय सहयोगी को लागि रु ६ लाख तथा सोही शिर्षक अन्तर्गत स्वास्थ्यकर्मी नियुक्ती गर्नको लागि रु ५ लाख ३२ हजार प्राप्त भएकोमा सो कार्य लागिको नपुग रकम रु १¸०३¸०००/-(रु एकलाख तीन हजारमात्र)  चालु अन्तरगतको तलब भत्ता खर्च अन्तरगतको रकमबाट रकमान्तर गर्ने निर्णय गरियो ।

३८. प्रस्ताव नं ३९ मा छलफल गर्दा यस गाउँपालिकाको नजिकको राष्ट्रिय प्रशारण विन्दु भएको स्थान मोलुङ गाउँपालिका वडा नं ४ ,मोलुङ गाउँपालिकाको वडा नं १ वा अन्य कुनै उचित स्थानबाट यस गाउँपालिकाको क्षेत्रसम्म विद्युत लाइन विस्तार गर्न लागत अनुमान तयार गरी अन्य आवश्यक आवश्यक कार्य समेत पहल गर्न नेपाल विद्युत प्राधिकरणको ओखलढुंगा तथा अन्य सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो।

३९. प्रस्ताव नं ४० उपर छलफल गर्दा यस गाउँपालिकाको केन्द्र भएको स्थानमा सुरक्षा निकायको उपस्थिति नभएकोले यथाशिघ्र यस गाउँपालिकाको केन्द्रमा सुरक्षा निकायको सुरक्षा चौकी स्थापना गर्न आवश्यक पहल गर्न जिल्ला सुरक्षा समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

४०. प्रस्ताव नं ४१ उपर छलफल गर्दा विभिन्न सार्वजनिक संचार माध्यमहरुमा स्थानिय निकायका जनप्रतिनिधिहरु, खासगरी महिला जनप्रतिनिधिहरुको कार्य सम्पादन तथा क्षमताका सम्बन्धमा नकारात्मक टिकाटिप्पणी, जिम्मेवार निकायका जिम्मेवार व्यक्तिहरुबाट समेत अभिव्यक्त भई प्रसारण हुने गरेकोले सो सम्बन्धमा यस गाउँपालिकाको ध्यानाकर्षण भएको छ । स्थानीय निकायमा कर्मचारीहरुको न्युन उपलब्धता भएको अवस्थामा जनप्रतिनिधिहरुले आफ्नो जिम्मेवारी पुरा गरिरहेको अवस्थामा यस्ता नकारात्मक टिप्पणी नगर्न/ नगराउन तथा त्यस्ता नकारात्मक विषयहरु प्राथमिकताका साथ प्रसारण नगर्न सम्बन्धित सबैमा अपिल गर्ने निर्णय गरियो ।

४१. प्रस्ताव नं ४२ उपर छलफल गर्दा यस गाउँपालिकाको लागि आवश्यक निम्न बमोजिम प्राविधिक कर्मचारी करारमा नियुक्त गर्न खुला रुपमा विज्ञापन गर्ने निर्णय गरियो ।

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | सिभिल ईन्जिनियर | १ |
| २ | सब ईन्जिनियर | १ |
| ३ | कम्प्युटर अपरेटर | १ |

४२. प्रस्ताव नं ४३ उपर छलफल गर्दा यस गाउँपालिकाको क्षेत्रमा गम्भिर प्रकृतिको रोग लागेका सुनकोशी गाउँपालिका वडा नं ५ का धन बहादुर तामाङलाई निजको गम्भिर प्रकृतिको मृगौला रोगको उपचारार्थ रु २०,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

४३. प्रस्ताव नं ४४ उपर छलफल गर्दा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) अन्तर्गतका सामाजिक परिचालकहरुलाई यस गाउँपालिकासँग करार गरी सो मिति देखि २०७५ असार मसान्तसम्म LGCDP बाट प्राप्त भएकै सेवा सुविधा दिने गरी सामाजिक परिचालन लगायत कार्यहरु गर्ने गरी सेवा निरन्तरता दिने निर्णय गरियो ।

४४. प्रस्ताव नं ४५ उपर छलफल गर्दा यस गाउँपालिका अन्तरगतका शैक्षिक संस्थाहरुमाहरुमा अध्ययनरत विद्यार्थिहरुको शैक्षिक उपलब्धी मापन गर्न आवश्यक परीक्षा सम्बन्धी विभिन्न कार्यहरु गर्न तपशिल बमोजिमको सुनकोशी गाउँपालिकास्तरीय परीक्षा समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक- गाउँपालिका अध्यक्षः रुद्र प्रसाद अधिकारी

सदस्य-प्रमुख प्रशासकिय अधिकृतः मदन कुमार बजगाँई

सदस्य- शिक्षा शाखा प्रमुखः विवेक कुमार तामाङ

सदस्य-परीक्षा समितिले मनोनित गरेका यस गाउँपालिका अन्तरगतका सामुदायिक/संस्थागत विद्यालयहरुका शिक्षकहरुमध्येबाट १ महिला समेत २ जना

सदस्य सचिव- यस गाउँपालिका अन्तरगतका स्रोत केन्द्रका स्रोत व्यक्ति मध्ये १ जना ।